**कोरोना भाईरस (Covid Virus) का कारण भएको बन्दाबन्दी तथा निशेधज्ञाका कारण तरकारी, (आलु र च्याउ समेत), फलफूल र फूलको उत्पादन तथा बजारीकरणमा भएका समस्याहरु र समाधानका उपायहरु सम्बन्धि बैठकको प्रतिवेदन**

कोरोना भाईरस (Covid Virus) का कारण भएको बन्दाबन्दी तथा निशेधज्ञाका कारण तरकारी (आलु र च्याउ समेत), फलफूल र फूलको उत्पादन तथा बजारीकरणमा भएका समस्याहरु र समाधानका उपायहरु विषयमा मिति २०७८/०३/०९ मा राष्ट्रिय किसान आयोगले आयोजना गरेको छलफल कार्यक्रममा कृषि विकास मन्त्रालय, कृषि विभाग, राष्ट्रिय फलफूल विकास केन्द्र, राष्ट्रिय आलु, मसला तथा तरकारी विकास केन्द्र, व्यवसायिक किट विकास केन्द्र, विभिन्न जिल्लाका प्रधानमन्त्री कृषि आधुनिकरण परियोजन कार्यान्वयन इकाईका प्रतिनिधिहरु, विभिन्न कृषि उपज थोक बजारका प्रतिनिधिहरु, फ्लोरिकल्चर एसोसिएसयनका प्रतिनिधिहरु, तरकारी, च्याउ, फलफूल र फूल क्षेत्रका व्यवसायी, उत्पादक किसान तथा सहकारीका प्रतिनिधि, व्यवसायी कृषक लगायत राष्ट्रिय किसान आयोगका पदाधिकारी तथा सरोकारवालाहरूको सहभागिता थियो । उक्त छलफल कार्यक्रममा सरोकारवालाहरूले विभिन्न सल्लाह एवं सुझावहरू राख्नु भएको थियो ।

- राष्ट्रिय आलु तरकारी तथा मसला विकास केन्द्रका तरकारी विकास अधिकृत श्री मधुसुदन घिमिरेले केन्द्रको काम कर्तव्य र हाल केन्द्रमा भै रहेको वस्तु स्थिति बारेमा आफ्नो विचार राख्नु भयो। राष्ट्रिय आलु तथा तरकारी विकास केन्द्रले मुख्य रुपमा नीति तथा निर्देशिका बनाउने काम गर्दछ।केन्द्र अन्तर्गत फार्म केन्द्रबाट उत्पादन भएका बिउ बिरुवा विक्रीको समस्या रहेको छ। फार्म केन्द्रमा उत्पादित प्याजको बिउ विक्रि गर्न पाइएन। खुमलटार फार्ममा कृषकहरुलाई सहुलियत दरमा विरुवा बिक्री गर्ने उदस्यले राखिएको तरकारी विरुवा बिक्री नपाएर नष्ट भयो । कृषि प्राविधिकहरुलाई क्षमता अभिवृद्री तालिम पनि संचालन गर्न सकिएन साथै तरकारी वालीहरुको बजार लाभ लागत अध्ययन कर्यक्रम पनि संचालन गर्न समस्या रहेको कुराहरु प्रस्तुत गर्नु भएको थियो ।
- राष्ट्रिय फलफूल विकास केन्द्रका प्रमुख श्री शान्ता कार्कीले यस केन्द्र अन्तर्गत ५ वटा फार्म केन्द्रहरु संचालनमा रहेका छन् । ती केन्द्रहरुमा विशेष गरेर ज्यालादारी ज्यामीहरु फार्म केन्द्र सम्म आउन जान नसक्ने कारणले गर्दा काम गर्नमा समस्या परेको अवस्था रहेको छ । फार्म केन्द्रले तोकिएको लक्ष अनुसार काम काज गर्न पाएका छैनन् ।सर्लाही फार्ममा अहिले आँपको सिजन भएको छ आँप विक्रिको लागि ठेक्का सम्झौता गराई बिक्री गर्ने चलन थियो तर अहिले ठेक्का आह्वान गर्दा ठेक्का पर्न आएन । सिमित जनशक्तिवाट फार्ममा आफैले प्रत्यक्ष आँप बिक्री वितरण गरि रहेको अवस्था छ । फार्मका दैनिक कार्य संचालनमा समस्या रहेकोछ । केन्द्रले सरकारी तथा नीजि फार्मका नर्सरीको वासलात (Balance Sheet) बनाएर विरुवाको स्रोत केन्द्र तोक्ने कार्य गर्छ । तोकिएको श्रोत केन्द्रवाट विरुवा वितरण हुन नसकेको कारण नीजि नर्सरीले समस्या ब्यहोरेका छन् । विरुवा विक्रि वितरण नहुनुको मुख्य कारण यातायातको बन्दाबन्दीको कारण नै रहेको छ ।

राष्ट्रिय फलफूल विकास केन्द्रका प्रमुखले विभिन्न समाधानको उपायहरुमा छलफल गर्नुभएको थियो ।

- कृषि वस्तुको ढुवानीको समय सिमा हटाउने ।
- प्याकेजीङ्गको ब्यवस्था गरी प्याकेटमा विक्रि वितरणको व्यवस्था गर्नुपर्ने ।
- रोग किराको लागि विषाधि र मल बीउमा सरकारी तर्फबाट सहजीकरण गर्नु पर्ने ।
- आँप वारीमा कुहिनु भन्दा घरेलु प्रशोधन उधोग स्थापना गर्न लगाउने ।
- कट सयपत्री फूल धार्मिक सास्कृतिक कार्यक्रममा विक्रि हुन्थो त्यो क्षेत्र पनि बन्द भयो त्यसैले फ्लावरल फूल विदेश र होटलमा जान्थो त्यो क्षेत्र वन्द भयो भने पूष्प खेतिमा पूर्णतया नोक्सानीमा परेका छन् ।

- व्यवसायिक किट विकास केन्द्रका प्रमुख श्री तिर्थ कुमार श्रेष्ठज्यूले यस केन्द्रले रेशम मौरी र च्याउसँग सम्बन्धित कार्यक्रमहरुलाई जोड दिने कुरा व्यक्त गर्नुभयो ।च्याउ खेतीमा ७००० भन्दा बढीले ब्यवसायी छन् भने १०००० भन्दा बढी च्याउ उत्पादक कृषक संग्लन रहेका छन् । यो केन्द्रीय निकाय भएकोले नीतिगत कार्य निर्देशीका नियम कानुन बनाउने कार्य भएको र यो एक विशिष्टीकृत पेशा भएकोले यसलाई छुट्टै निकाय बनाउन कुरा उठाएका छौं । यस वर्ष हामीले नितिगत कार्य र अर्गानीक च्याउ उत्पादन विषयमा केही कार्यक्रम गर्न सफल भयौ।कृषकको माग अनुसार च्याउको विउको उत्पादन कार्य गर्न सकिएन ।कृषकहरुको यस समयमा मुख्य गरी समयैमा प्रविधि,प्राविधिक,वीउ र बजारको अभाव रहेको छ भन्ने जानकारी गराउनु भयो ।
- फ्लोरिकल्चर एसोसिएसनका अध्यक्षज्यूले पूष्प उत्पादन तथा व्यावयासलाई प्राथमिकता राखी यस बिषय बस्तुमा छलफल कार्यक्रम राखिएकोमा आयोजक निकाय राष्ट्रिय किसान आयोगलाई धन्यवाद दिदै नेपालमा पूष्प क्षेत्रमा १०००० व्यवसायी संलग्न छन् । हामीले सातै प्रदेशमा सरकार सँग सहकार्य गर्न सक्ने कार्यक्रमको मोडेल बनाएका थियौ । प्रदेशवाट ठोस कार्यक्रम आउन सकेन साथै सरकारले पूष्प कृषक र संघ संस्थालाई लगानी गरेमा यस क्षेत्रको समग्र विकासमा टेवा पुग्ने थियो । पुष्प ब्यवसाय एक आशालाग्दो ब्यवसाय भएता पनि हालको कोभिड १९ ले २०५ कृषक विस्तापित भएका छन् । यसवर्ष गुलावको २ लाख थुगा नष्ट भएको छ यसको क्षतिपुर्ति कसले दिने जस्ता कुराहरु राखुभयो ।त्यसै गरी  फूल व्यवसायवाट मात्र वार्षिक ३ अर्बको कारोबार हुने गरेको छ त्यस्तै पूष्प कृषक र ब्यवसायीलाइ राहत कार्यक्रमहरु ल्याई पुष्प ब्यवसाय एक आशालाग्दो ब्यवसाय रुपमा स्थापित गराउन नेपाल सरकारबाट पहल हुनुपर्यो ।
- सम्रगमा उपस्थित सहभागीहरुले तरकारी फलफूल च्याउ र पुष्प उत्पादन र बजारीकरणमा परेका समस्या समाधानार्थ निम्न सुझावहरू राखु भएको थियो।

- मल तथा बीउ बिजन ढुवानीमा अवरोध  र रोकतोकका कारण बिक्री वितरण तथा उपलब्धतामा सुस्तता आएकोले सहज आपूर्तीको व्यवस्था गरिनु पर्ने,
- कृषि जन्य बस्तुको व्यवस्थित बजारीकरण गर्नका लागि कृषि एम्बुलेन्सको व्यवस्था गर्नुपर्ने
- कृषि श्रमिक,उत्पादक कृषक, कृषिजन्य सामाग्री ढुवानी गर्नेकृषि उद्यमीहरुलाईख कोरोना भाइरसबाट सुरक्षित राख्नका लागि खोपको व्यवस्था गरिनुपर्ने

- तरकारी, च्याउ, पुष्पका उत्पादन लगायत उत्पादनजन्य सामाग्रीको ओसारपसार गर्न रात्री समयमा मात्र सवारी साधन गुड्न अनुमति भएकोले यस्ता सामाग्री ढुवानी गर्न गन्तब्य तर्फ जाँदा सहज भए पनि फर्कदाँ अवरोध श्रृजना भएको भन्ने गुनासो आएकोले त्यस्ता साधनलाई निर्वाध संचालन हुन दिईनु पर्ने,
- तरकारी, च्याउ, पुष्प उत्पादक कृषकहरूका लागि सरल र सहुलियत दरको कर्जा, प्रभावकारी विमा, राहतका कार्यक्रम घोषणा गरिनु पर्ने,
- फलफूल उत्पादन गर्ने किसानहरु आफ्नो उत्पादन सस्तो मूल्यमा विचौलियालाई बेच्न वाध्य छन । यस्तो अवस्थामा कृषकको उत्पादनको उचित मूल्यको सुनिश्चितताको लागि नेपाल सरकार र सम्बन्धित सरोकारवालाहरुबाट आवश्यक पहल गरिनु पर्ने,
- यो समय फलफूलका विरुवा लगाउने समय भएकोले विरुवा उत्पादन, ढुवानी र लक्षित किसानहरु समक्ष सहज रुपमा पुऱ्याउन ढुवानीमा सहजीकरण गरिनु पर्ने,
- निषेधाज्ञाको समयमा च्याउ व्यवसाय ज्यादै प्रभावित भएको, बजारको अभावमा प्रायः सवै नष्ट भएको, तत्कालै बजार सामान्य अवस्थामा फर्किने नदेखिएको अवस्थामा च्याउ उत्पादक किसानलाई राहत प्रदान गर्न उनीहरुलाइ विना धितो ऋणको ब्यवस्था, ५०५ ढुवानीमा अनुदान र च्याउको बीमा सहज रूपमा हुने व्यवस्था मिलाउनु पर्ने,
- निषेधाज्ञाको समयमा पूष्प व्यवसाय ज्यादै प्रभावित भएको बजारको अभावमा प्रायः सवै नष्ट भएको, तत्कालै बजार सामान्य अवस्थामा फर्किने नदेखिएको अवस्थामा च्याउ किसानलाई राहत प्रदान गर्न उनीहरुले लिएको कर्जाको ब्याज १ बर्षको मिनाह गर्नुपर्ने, बन्दाबन्दी अवधिभरको किस्ताको पूनर्तालिका गरी किस्ता सार्ने व्यवस्था, ५०% ढुवानीमा अनुदान र पूष्प व्यवसायका लगि १ प्रतिशत व्याजमा सुलभ कर्जा उपलब्ध गराईनु पर्ने,
- अमिला जातका फलफूलहरूमा सिट्रस ग्रिनिङ (Citrus greening) को समस्या रहेकोले तराइ तथा पहाडबाट बेर्ना ढुवानी गर्दा आन्तरिक क्वारेन्टाइनलाइ व्यवस्थित गर्नुपर्ने।

- छलफलको क्रममा कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सह सचिव श्री डा. हरि बहादुर के.सी.ले गत वर्षको लकडाउनमा धेरै जटील अबस्था थियो त्यसको सिकाइले यस वर्षको अवस्था सहज छ। बिभिन्न मन्त्रालयहरु संग समन्वय गरी काम भईरहेको आगामी दिनहरुमा कृषि जन्य बस्तुको सहजीकरण कसरी गर्ने भन्ने विषयमा काम भै रहेको छ ।कोभिडले समग्रमा कस्तो असर गऱ्यो भन्ने विषयमा पनि मन्त्रालयले अध्ययन जारी राखेको छ भने सहभागीहरुलाई जानकारी गराउनुभयो।
- अन्यमा राष्ट्रिय किसान आयोगका अध्यक्ष प्रेम प्रसाद दंगालज्युवाट छलफलमा उठेका विषय वस्तुमा प्रकाश पार्दै छलफलको समापन गर्नु भएको थियो ।